प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

तानसेन, पाल्पा

फोन नः ०७५-५२००२०
ईमेलः sddopalpa@gmail.com

प.सं. ०७७/७८
च.नं. ६५
मितिः २०७७/०६/०६

## नमुना बालविकास केन्द्र सम्बन्धी सूचना ।

यस कार्यालयको आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम तथा प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट स्वीकृत नमुना बालविकास निर्माण तथा बालविकास सुदृढिकरण कार्यक्रम संचालन मार्गदर्शन बमोजिम पाल्पा र गुल्मी जिल्लाका सामुदायिक विद्यालय/ समुदायद्वारा संचालित बाल विकास केन्द्रहरु मध्ये प्रग्येक जिल्लाबाट १/१ **वटा उत्कृष्ट नमुना बालविकास केन्द्रहरु छनौट गरी** बालबालिकाहरुको चौतर्फि विकासका लागि आवश्यक पर्ने कक्षाकोठा मर्मत फर्निचर खेल सामग्री पाठ्य सामग्री स्वस्थ्य तथा सरसफाइ मनोरञ्जन आदि जस्ता अत्यावश्यकीय सामग्रिहरुमा खर्च गर्न सकिने गरी प्रति केन्द्र रु पाँच लाख अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले पाल्पा र गुल्मी जिल्लाका सबै सामुदायिक विद्यालय/समुदायद्वारा संचालित बालविकास केन्द्रहरुले तपसिलमा उल्लेख भएअनुसारका कागजातहरु संलग्न गरी तोकिएको ढाँचामा मिति २०७६/०६/२७ गते भित्र यस कार्यालयमा आईपुग्ने गरी निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै निवेदनको ढाँचा यस कार्यालयको फेशबुक पेज सामाजिक विकासडिभिजन कार्यालय पाल्पामा र website: sddopalpa.p5.gov.np मा उपलब्ध रहेकोछ ।

**(लक्ष्मण प्रसाद ज्ञवाली)**
**कार्यालय प्रमुख**
लक्ष्मण प्रसाद ज्ञवाली
कार्यालय प्रमुख

**तपसिलः**

१.अनुमानित लागत इष्टिमेट र कार्य योजना सहितकोपस्तावना पत्र ।
२ बालविकास केन्द्र/विद्यालयको अनुमति/स्वीकृतिको पत्रको प्रतिलिपि ।
३. बालविकास सहयोगी कार्यकर्ताको नियुक्ति पत्रको प्रतिलिपि ।
४. बालविकास सहयोगी कार्यकर्ताको शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपि ।
५. सहयोगी कार्यकर्ताले सम्बन्धित विषयमा तालिम लिएको भए सोको अनुभव खुल्ने कागजात ।
६. IEMIS २०७७ अनुसार बालविकास केन्द्रका दलित जनजाति मुस्लिम र अन्य गरी बर्गीकरण गरिएको विद्यार्थीहरुको छात्रछात्रा खुलेको विवरण (**स्थानीय तहको शिक्षा शाखाबाट प्रमाणित गरी**)
७ स्थानीय तहको लागत सहभागिताको प्रतिबद्धता पत्र(लागत सहभागिता रकम प्रतिशतमा समेत उल्लेख भएको)
८. बालविकास केन्द्र व्यवस्थापन समिति/विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि ।

नोटः थप जानकारी चाहिएमा यस कार्यालयको फोन नं. वा मो.नं. 9857077620 मा सम्पर्क गर्नुहुन अनुरोध छ ।